# नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
## सिंहदरबार, काठमाण्डौ

## नवप्रवर्तन शुरुवाती पूँजी अनुदान प्रदान गर्न प्रस्तावकहरुको छनौटको पुनः म्याद थप सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७७।०७।१४**

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले मिति २०७७।०१।२९ गतेको 'गोरखापत्र दैनिक' र 'कान्तिपुर दैनिक' पत्रिका तथा आयोगको website मार्फत नवप्रवर्तन शुरुवाती पूँजी अनुदान प्रदान गर्न प्रस्ताव आह्वान गरिएको सूचना प्रकाशन गरिएकोमा कोभिड १९ को महामारीले मुलुकको अर्थतन्त्रमा परेको असरको कारण कार्यक्रम कार्यान्वयनको उचित व्यवस्था मिलाउन असहज परिस्थितीको सृजना भएको र चालू आ.व. ०७७/७८ मा नवप्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमी व्यवसायीलाई २ प्रतिशत व्याजदरमा कर्जाको रुपमा प्रदान गरिने आ.व. २०७७/७८ को बजेट वक्तव्यको बुँदा नं. ५९ मा व्यवस्था भएकोले सो प्रयोजनका लागि कार्यविधि संशोधन लगायतका थप प्रशासनिक कार्यहरु गर्नुपर्ने हुँदा २०७७ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय भएकोमा नेपाल सरकार, अर्थ मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७७/०७/०६ को निर्णयानुसार २०७७ साल कार्तिक मसान्तसम्मका लागि पुनः म्याद थप गरिएको सूचना सम्बन्धित सबै आवेदकहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

यस सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा राष्ट्रिय योजना आयोगको टेलिफोन नं. ०१-४२११४२, ०१-४२११८०७, ०१४२११८३४ मा सम्पर्क गर्न सकिनेछ ।